**डुडुवा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बनकट्टी, बाँके**
**५ नं. प्रदेश नेपाल**

# स्थानिय पूर्वाधार उपयोग शुल्क उठाउने सम्बन्धी सिलवन्दी बोलपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति: २०७५।०७।१२)**

नेपालको संविधानको अनुसूची ८, स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६२ को उपदफा २ को (घ) तथा डुडुवा गाउँपालिकाको आर्थिक ऐन २०७५ को दफा ३४ मा भएको व्यवस्था, राजस्व परामर्श समितिको सिफारिस तथा डुडुवा गाउँ कार्यपालिकाको निर्णय अनुसार डुडुवा गाउँपालिका क्षेत्र भित्र तोकिएको स्थानिय सडकमा स्थानिय पूर्वाधार उपयोग शुल्क आ.व.२०७५।०७६ साल असार मसान्त सम्म संकलन गर्नका लागि ३० दिनको म्याद राखी यो शिलवन्दी बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ। योग्य व्यक्ति/संस्था/फर्म/कम्पनीले निर्धारित समय भित्र तोकिएको न्यूनतम अकंमा नघटने गरी बोलपत्र पेश गर्नु हुन अनुरोध छ।

**ठेक्काको विवरण**

| ठेक्का नं. | ठेक्काको विवरण | शुल्क उठाउन पाउने विषय एवं स्विकृत दररेट | ठेक्काको न्यूनतम अंक (मू.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर | धरौटी रकम |
|---|---|---|---|---|---|
| राजस्व १। २०७५।०७६ | गाउँपालिका क्षेत्र भित्रका सडकहरु | (१) गिट्टी, बालुवा, मोरङ्ग<br>प्रति ट्रक/ट्रिपर-रु.५००।-<br>प्रति ट्रयाक्टर ट्राली-रु.२००।-<br>प्रति गाडा/डल्लब-रु.५०।-<br>(२) माटो<br>प्रति ट्रक/ट्रिपर-रु.३००।-<br>प्रति ट्रयाक्टर ट्राली-रु.१००।-<br>प्रति गाडा/डल्लब-रु.२५।-<br>(३) वनस्पतीजन्य<br>प्रति ट्रक/ट्रिपर-रु.२००।-<br>प्रति ट्रयाक्टर ट्राली-रु.१००।-<br>प्रति गाडा/डल्लब-रु.२५।-<br>(४) कृषीजन्य<br>प्रति ट्रक/ट्रिपर-रु.१००।-<br>प्रति ट्रयाक्टर ट्राली-रु.५०।-<br>प्रति गाडा/डल्लब-रु.२५।- | ५०,००,०००।- (पचास लाख) | ३,०००।- | कबोल अंकको ५% (पाँच प्रतिशत) |

**द्रष्टव्य:** स्थानिय कृषकहरुले आफ्नो कृषिजन्य उत्पादन बिक्री गर्न सडक उपयोग गरे वापत कुनै शुल्क लिनपाइने छैन। गाउँपालिकाको नाममा रहेका सवारी साधनहरुले सडक उपयोग गरे वाफत शुल्क लिन पाइने छैन।

**ठेक्का सम्बन्धि शर्तहरु**

१. बोलपत्र लिन इच्छुक व्यक्ति/संस्था/फर्म/कम्पनीले कमश नेपाली नागरीगताको प्रमाणपत्रको प्रतिलिपी, फर्म दर्ता/नविकरणको प्रतिलिपी, स्थायी लेखा नम्बर (प्यान), मुल्य अभिबृदि कर प्रमाणपत्रको प्रतिलिपि, आ. वं. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी यस कार्यालयबाट खरीद गर्नुपर्नेछ।

२. बोलपत्रमा निर्धारीत न्युनतम अंकमा नघट्ने गरी कबोल गरेको रकमको अंक र अक्षरमा स्पष्ट बुझीने गरी उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा लेखिएको फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

३. सवैभन्दा बढी रकम कबोल गर्ने बोलपत्रदाताको कवोल अंक स्वीकार गरिनेछ। स्वीकृत बोलपत्रदाताले सम्झौता हुनुपुर्व कबोल गरेको ५० प्रतिशत नगद दाखिला र बाँकी ५० प्रतिशत रकम ठेक्का सकिनु ३ महिना अगावै नगद दाखिला गरीसक्नु पर्नेछ। धरौटी वाफत जम्मा गरेको रकमलाई किस्तामा समावेस गर्न पाइने छैन र नगद धरौटी नियमानुसार कागजात पेश गरिसकेपछि प्रचलित कानुन बमोजिम फिर्ता गरीनेछ।

४. शिलवन्दी बोलपत्रको खाम बाहिर आफ्नो नाम, ठेगाना र ठेक्का नंम्बर उल्लेख गर्नु पर्नेछ।

५. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा निहित रहनेछ।

६. म्याद नाघि वा रित नपुगी वा कुनै सर्त उल्लेख गरिएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन।

७. खरिद गरीएको बोलपत्र फारमहरुको महलहरु स्पष्ट रुपमा अंक र अक्षरमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिदेखि ३१औं दिनको १२:०० बजे उपस्थित बोलपत्रदाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न वा दाखिला गर्न बाधा पर्ने छैन। फारम खरिद वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछिको कार्यालय खुलेको दिन सोहि समयमा हुनेछ।

८. बोलपत्र फारम साथ बोलपत्र जमानत वाफतको रकम (कबोल अंकको ५ प्रतिशतले हुन आउने रकम) यस गाउँ कार्यपालिकाको एन.आई.सी. एसिया बैंक लि. (धम्बोझी) नेपालगंज, बाँकेमा रहेको धरौटी खाता नं. २०४१४९८३८५५२४००१ मा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ। बोलपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत गरीने छ।

९. नियमानुसार बुझाउनु पर्ने मु.अ.कर, आय कर, अग्रिम कर लगायतका सम्पुर्ण करहरु ठेकेदार स्वयंले आफ्नो तर्फबाट बुझाउनु पर्नेछ। तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनैपनि कर रकमहरु समावेस गरिएको छैन।

१०. प्रचलित कानुन बमोजिम कबोल गरेको रकम एकमुष्ट अग्रीम बुझाएमा १० प्रतिशत रकमसम्म छुट दिन सकिनेछ। तर नियमानुसार लाग्ने मु.अ.कर प्रयोजनको लागि भने छुट लिइने छैन।

११. ठेक्का अवधि डुडुवा गाउँपालिकासंग ठेक्का सम्झौता भएको मिति देखि २०७६ साल असार मसान्तसम्म रहनेछ। बन्द हडताल आदिका कारणले केही दिन काम सुचारु नभएको अवस्थामा समेत कुनैपनी क्षतीपूर्ति दावी गर्न पाइने छैन।

१२. बोलपत्र सम्बन्धि कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको आर्थिक प्रशासन शाखामा सम्पर्क राख्न सकीने छ।

१३. यस सूचनामा कुनै कुरा छुट भएमा प्रचलीत कानुन बमोजिम हुनेछ।